मिति २०८२।०८।०८ गते

जिल्ला प्रहरी परिसर काठमाडौं

**१. हालसम्म आगजनी तोडफोड, आपराधिक उपद्रवसँग सम्बन्धी १०४ वटा जाहेरी दरखास्त दर्ता भएका छन् ।**

| **विवरण** | **सङ्ख्या** |
|---|---|
| व्यक्तिगत | २२ |
| सरकारी कार्यालय/प्रहरी प्रतिवेदन | ६६ |
| संस्थागत / व्यापारिक प्रतिष्ठान (सर्वोच्च अदालत तथा अ.अ.दु.आ. समेत) | १६ |
| **जम्मा प्राप्त जाहेरी दर्ता संख्या** | **१०४** |

**२. भाद्र २३ र २४ गते भएको प्रदर्शनमा ४९ जना मानिसको मृत्यु भएको घटनामाः-**

प्राप्त जाहेरी दरखास्त दर्ता संख्याः४२ (३ जना प्रहरी कर्मचारी समेत)

पहिचान नखुलेको संख्याः७ (DNA Analysis को प्रक्रियामा रहेको)

(सो समयमा हराएका ७ मानिसहरूको हुलिया प्राप्त भएको)

घाइतेहरूको घटना विवरण कागज संख्याः २२

**३. तामेलीमा रहेको जाहेरी दरखास्तको संख्या ९ वटा ।**

**४. भाद्र २३ र २४ गतेको घटनामा भएको भवन संरचनाको क्षति सम्बन्धमा २२८ वटा मुचुल्का सम्पन्न भएको ।**

**५. मुद्दा दर्ता तथा पक्राउ भएका व्यक्तिहरूको विवरण**

| **सि.नं.** | **मुद्दा शीर्षक** | **मुद्दा दर्ता संख्या** | **प्रतिवादी संख्या** | **हाजिर जमानीमा छाडिएको संख्या** | **अनुसन्धान भईरहेको प्रतिवादी संख्या** | **धरौटीमा छुटेको प्रतिवादी संख्या** | **पुर्पक्षको लागि थुनामा गएको संख्या** |
|---|---|---|---|---|---|---|---|
| १ | कर्तव्य ज्यान | ३ | १३ | ० | ० | ० | १३ |
| २ | आपराधिक उपद्रव | १०४ | १६६ | ५८ | ७७ | १६ | १५ |
| ३ | आपराधिक उपद्रव र चोरी | ५ | ८ | १ | ६ | ० | १ |
| ४ | चोरी | ८ | १७ | ७ | ३ | ५ | २ |
| ५ | हातहतियार खरखजना | १७ | ४१ | १९ | ११ | | ११ |
| ६ | अभद्र व्यवहार | १६ | २१ | २ | ७ | १२ | ० |
| ७ | ज्यान मार्ने उद्योग | १ | १ | | | | १ |
| **जम्मा** | | **१५४** | **२६७** | **८७** | **११३** | **३३** | **४३** |

जसमध्ये पुरूषः- २६२ र महिलाः- ५ जना रहेको ।

६. **<u>फरार थुनुवा खोजतलास एवं पक्राउ सम्बन्धमा</u>**

पक्राउ परेका : महिला - ६ पुरुष - ५३ गरी **जम्मा – ५९ (सम्पर्कमा रहेका : १५** )

७. **<u>फरार कैदी बन्दी खोजतलास एवं दाखिला</u>**

विभिन्न मुद्दा शीर्षकका १०२ जना कैदी बन्दी पक्राउ गरी दाखिला गरिएको।

८. **हालसम्म ८३ नाल हतियार बरामद तथा दाखिला हुन आएका छन्।**
**बुझाउन ल्याएका हतियारको संख्या ५२ थान र बरामद हतियारको संख्या ३१ थान रहेको।**

९. **पुनःसम्भार भएका प्रहरी कार्यालयहरू** (९७ वटा प्रहरी कार्यालयमा क्षति भएको)

- अनुसन्धान गर्ने अख्तियारी प्राप्त प्रहरी कार्यालय संख्याः १५ वटा
- हाल पूर्ण क्षमतामा अनुसन्धान गरिरहेका प्रहरी कार्यालय संख्याः१०
- आंशिक रुपमा अनुसन्धान गरिरहेका प्रहरी कार्यालय संख्याः ५ *(प्रहरी वृत्त बौद्द,बानेश्वर,स्वयम्भु,गौशाला,जनसेवा,)*
- हालसम्म ७ वटा प्रहरी कार्यालय नजिकका अन्य स्थानबाट सञ्चालनमा रहेका र ५ वटा कार्यालय मर्ज भएर सञ्चालन भइरहेको।

**<u>१०.TOB सम्बन्धमा</u>**

स्थापना : २०२४ जुन १० (Bikers Group को रुपमा)
अध्यक्ष : तेन्जिन दावा लामा
सदस्य : ५७ जना
उदेश्य : मोटरसाइकल भएका साथीहरू बीच भेटघाट गरी घुम्ने प्रयोजनार्थ र सामाजिक सेवा प्रदान गर्ने
लोगो : T.O.B सँगै माथि Hakim र साईडको भागमा ड्रागनको चित्र अंकित
लोगो डिजाइनर : तेन्जिन दावा लामा
सामाजिक सञ्जाल : WhatsApp, Instagram

**TOB को स्थापना**

- बौद्धमा रहेको फूलबारी कम्प्लेक्समा सन् २०१७ देखि TOB नाम गरेको ट्याटु हाउस संचालन गरी सोही Tattoo House बाट T.O.B को धारणा (Concept) सुरुवात भएको देखिन्छ।
- T.O.B. को स्थापना:- २०२४ जुन १० मा बाईकर्स ग्रुपको रूपमा भएको, यद्यपी हाल सम्म आधिकारिक रूपमा कहीँ कतै दर्ता नभएको।
- संस्थापक अध्यक्ष:- तेन्जिन दावा लामा
- संस्थापक सदस्यहरू:- तेन्जिन दावा लामा, सोनाम शेर्पा र एरेन राई
- पुरा रूप:- The Original Brothers रहेको तर तिब्बतीयन मूलबाट आएको, आधा तिब्बतियन भएकोले तेन्जीन दावा लामाले आफ्नो ज्याकेटमा Tibetan Original Blood राखेको भनी बयान गरेका।

**लोगो सम्बन्धमा (२ थरीको लोगो भएको)**

- लोगो १- T.O.B (Tibetan Original Blood) सँगै साईडको भागमा ड्रागनको चित्र अंकित रहेको।
- लोगो २- TOB लेखिएको हाफ टिसर्टमा भएको ड्रागनको चित्रले Warrior को संकेत गर्ने, Hakim भन्ने सुरेन्द्र गुरुङ (र्‍यापर) बाट प्रभावित भएर Hakim शब्द राखेको बताएका।
- लोगो डिजाइनर - संस्थापक तेन्जीन दावा लामा आफै रहेको।

- मोटरसाइकल चलाउने व्यक्तिहरूको समूहलाई चिनाउन उक्त लोगो अंकित T-Shirt बनाएको भनि सदस्यहरू सबैबाट खुलेको।
- ड्रागनले युद्धमा जाने योद्धालाई र सो माथि रहेको फुलले शान्ति प्रियलाई चिनाउँछ भने Hakim ले शासकलाई चिनाउँछ, यी बाहेक उक्त लोगोको अन्य कुनै तात्विक अर्थ नभएको ।


**बैठक तथा सरसल्लाह सम्बन्धमा**

- सामाजिक संजाल Instagram मा TOB ग्रुप च्याट मार्फत कुराकानी हुने गरेको
- T.O.B Members र T.O.B (MC) नामको WhatsApp ग्रुप मार्फत् आवश्यकता अनुसारका फोन नम्वरहरू उपलब्ध गराउने
- चावहिल स्थित "Lavis Garden" रेष्टुरेन्ट र गोपीकृष्ण हल अगाडी रहेको "चिया बस्ती" नामको चिया पसल (रिलाईन्स कलेजको अगाडी) मुख्य भेटघाट स्थल रहेको।

## भाद्र २३ र २४ गतेको प्रदर्शनमा सहभागी सम्बन्धी

### भाद्र २२ गतेको गतिविधि

- भाद्र २२ गते TOB को Instagram group मा भाद्र २३ गते (sept 8) को आन्दोलनमा सहभागी हुने सम्बन्धमा "T.O.B. (The Original Brothers) नामक Instagram ग्रुपमा सोनाम शेर्पाले सूचना Post गरेकोमा सोही विषयमा छलफल हुँदा गोपीकृष्ण हल नजिक रहेको "चिया बस्ती" मा भाद्र २३ गते बिहान भेला हुने सल्लाह भएको।




- मोटरसाईकल राईडरहरूले कार्यक्रममा सहभागी हुन जाने ईच्छा राखे पछी उक्त सन्देश प्रवाह गरेको तर बाहिरी मानिसहरू कोही कसैलाई प्रदर्शनमा सहभागी हुनको लागि सम्पर्क नगरेको।

### भाद्र २३ गतेको गतिविधि

- अं. १२:०० बजेको समयमा बानेश्वर स्थित बिजुलीबजार पुलमा पुगी बाईक पड्काउदै नारा जुलुस गर्नुको साथै भीडलाई उत्तेजित गरेको। सोही क्रममा "मलाई मेरो देश मलाई फिर्ता चाहियो, मेरो देश मेरो शान" भनेको।
- सोही क्रममा संसद भवन बानेश्वर नजिक रहेको आकाशे पुलमा समेत पुगेको।
- प्रदर्शनकारीको ढुङ्गा लागि तेन्जिनको टाउकोमा चोट लागेको र सो समूह अं.१४:०० बजेको समयमा फर्की मेडिकल पसलबाट मेडिकल किट खरिद गरी चिया बस्तीमा गई आफैले सामान्य उपचार तथा मलमपट्टी पश्चात सबै जना आ-आफनो घर फर्केको।

- भाद्र २३ गते बिहान ११:०० बजे गोपिकृष्ण हल नजिक रहेको चिया पसल - “चिया बस्ती” मा भेला भएको, जहाँ TOB को तर्फबाट २० वटा मोटरसाइकल सहभागी भई अं. ११:३० बजे बानेश्वर स्थित बिजुलीबजार तर्फ जाने क्रममा अन्य अपरिचित मोटरसाईकल पनि सोही र्‍यालीमा सहभागी भएको।

**भाद्र २४ गतेको गतिविधि**

- भाद्र २४ गते सबै जना आ-आफ्नो घरमा बसेको।
- सोही दिन बेलुकी अं.१९:०० बजेको समयमा ग्लोबल कलेजमा पढ्ने साथी (सरीका बस्नेत) ले तेन्जीन दावा लामालाई फोन गरी ग्लोबल कलेजको माथिल्लो तलामा भित्र करिव ४० देखि ५० वटा ग्याँसको सिलिण्डर छ , तलबाट उक्त कलेजमा आगो लागिरहेको छ, सिलिण्डर पड्कियो भने Girls Hostel मा समेतमा ठूलो क्षति हुन्छ, जसरी भए पनि जोगाईदिनु पर्यो भनि फोन गरेकोमा तेन्जीन दावा लामाले सो कुरा आर्मीको हेल्पलाईन नम्वर दिई जानकारी गराउन भनेको।







- अन्य सम्पूर्ण सदस्यहरू नेपाली नागरिक रहेका।
- रु. ७०० मा टिसर्टहरू खरिद गरी रु.१००० सम्म सदस्यहरूलाई बिक्री गरी उक्त नाफाले दैनिकी संचालनको लागि प्रयोग गर्ने गरेको।
- हाकिम भनि चिनिने सुरेन्द्र गुरुङ TOB ग्रुपको Role Model रहेको र निजको अनुमति लिई लोगोको माथि हाकिम लेखेको र उक्त नाम लेखे बापत कुनै लाभान्वित नभएको।

**Travel सम्बन्धी**

- प्राय ६ महिनामा उपत्यका बाहिरको लामो दुरीको मोटरसाईकल यात्रा गर्ने
- उपत्यका भित्रको हकमा प्राय शनिवारको दिन मोटरसाईकल यात्रा गर्ने

**हाल सम्म उपत्यका बाहिर गएका स्थानहरू**

- मुस्ताङ ३ पटक
- अपर मुस्ताङ २ पटक
- पोखरा २ पटक
- सिन्धुपाल्चोक तातोपानी २ पटक

**हाल सम्म उपत्यका भित्रका स्थानहरू:-**

- नारायणथान डाँडा हुँदै शिवपुरीको डाँडा सम्म,

- सुन्दरीजल, तारेभिर हुँदै कालाङ्याम सम्म
- स्वयम्भू ह्वाईट गुम्वा सम्म
- काभ्रेको भकुण्डेबेसी हुँदै नेपालथोक सम्म
- गोकर्ण एरिया तिर बढी जाने गरेको





- प्रदर्शनमा संलग्न मानिसहरु यकिन गरी संलग्न १४ वटा (१३ वुलेट र १ पलसर ) मो.सा. नियन्त्रणमा लिईएको ।
- २६ जना मानिसहरुलाई सम्पर्कमा राखिएको ।

**प्रतिवादी तेन्जीन दावा लामाको विवरण**

- नामथरः- तेन्जीन दावा लामा
- जम्म मितिः- मिति २०५३।१०।२१ गते
- ना.प्र.नं.- २७-०१-७९-०४८४०, जारी मिति २०७९।०३।१४
- राहदानि नं.- PA0505487, मिति 25 Jul 2022 मा जारी भएको,
- बाबुः- कृष्ण बहादुर लामा
- आमाः- माया लामा
- वतनः- काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.०६
- शिक्षाः- SLC पास (सो सम्बन्धमा बुझ्दा सम्बन्धित विद्यालयले उक्त विद्यार्थी आफ्नो विद्यालयको रेकर्डमा नरहेको देखिएको)

**प्रतिवादी पक्राउ भएको मिति, समय र स्थान**

- मिति २०८२।०६।२६ गते बेलुकी अं.१७:०० बजेको समयमा काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.११ कपनबाट

**हाल दर्ता भई अनुसन्धान भएका मुद्दा शीर्षकहरू**

**१) अभद्र व्यवहार गर्न नहुने सम्बन्धी कसूर (मुद्दा नं.** :-६९६ (आ.व. ०८२।०८३))

- मुद्दाको अवस्था:-अनुसन्धान पुरा गरी मुद्दा हेर्ने निकाय श्री जिल्ला प्रशासन कार्यालय दायर गरेको **(दायरी मिति** :- २०८२।०६।२६ गते देखी मिति २०८२।०७। १९ गते सम्म ।

- मिति २०८२।०७।१९ गते प्रस्तुत अभद्र व्यवहार गर्न नहुने कसूर मुद्दामा निज प्रतिवादीलाई जिल्ला प्रशासन कार्यालय काठमाडौं बबरमहलबाट नगद रु.७५०० (सात हजार पाँच सय मात्र) धरौटी बुझाउने माग भएको सो रकम दाखिला गरेको ।

**२) <u>लिखत सम्बन्धी कसूर, नागरिकता सम्बन्धी कसूर, राहदानी सम्बन्धी कसूर समेत</u> (मुद्दा दर्ता नम्बर: ७६५ ( आ.व. ०८२।०८३))**

- मुद्दाको अवस्था:- हाल अनुसन्धानको क्रममा रहेको

**३ )<u>लागु औषध (गाँजा) सम्बन्धी कसूर</u> (मु.द.नं. ९८१ (आ.व.०८२।०८३)**

- मुद्दाको अवस्था:- हाल अनुसन्धानको क्रममा रहेको

**पारिवारिक पक्ष**

- **बाबु आमाको पहिचान कहिंकतैबाट नखुलेको ।**

**<u>हातहतियारको सम्बन्धमा अनुसन्धान</u>**

- सामाजिक संजालहरुमा भाईरल हुन पुगेको T.O.B लेखिएको टिसर्ट लगाई पेस्तोल देखाई पछाडी राखी मोटरसाईकलमा राखेको भिडियो भदौ २३ गतेको दिनको नभइ ६ महिना अगाडि म्युजिक भिडियो बनाउने क्रममा बिजुलीबजार पुलमा बनाएको खुलेको ।
- भिडियोमा देखिएको हतियार घातक नरहेको, खेल तथा मनोरञ्जन सामाग्रीको खुद्रा पसल, चाबहिल स्थित (The Toy store) बाट लिएको खुलेको ।
- भदौ २३ गतेको दिन बिजुली बजार पुलमा "मलाई मेरो देश मलाई फिर्ता चाहियो, मेरो देश मेरो शान" भन्ने सन्दर्भमा अनुसन्धान गर्दा तेन्जिनले आफु आधा तिब्बतियन भएको कुरा सानैदेखि महसुस गरेको बयानमा खुलाएको ।

**<u>सुरेन्द्र गुरुङ "हाकिम" ले खुलाएको विवरण</u>**

- सुरेन्द्र गुरुङ "हाकिम" तनहुँ जिल्लाका नागरिक, पेशाले ऱ्यापर भएको, निजले Raw Barz, ANTF लगायतका ऱ्याप ब्याटल कार्यक्रमहरुमा जजको भूमिका निभाएको,
- पहिलो पटक तेन्जिनसँग डेढ वर्षअघि साँगितिक कार्यक्रमको सिलसिलामा ANTF (ऱ्याप ब्याटल) को सेटमा ठमेलमा भेट भएको,
- निजले हाल Hakim Entertainment Pvt. Ltd. नामको साँगितिक कम्पनी सँचालन गर्दै आएको
- प्रतिवादी तेन्जिन TOB नामको Bikers Group मा आवध्द रहेको कुरा "म्युजिक भिडियो – चिसो चिसो" सुटिङ पश्चात जानकारी भएको र The Original Brothers लेख्न सुझाव दिएको साथै प्रमोशन र लोकप्रियताको लागि T- Shirt मा हाकिम लेख्न अनुमति समेत दिएको खुल्न आएको
- युवाहरुलाई आशिर्वाद दिएको भिडियो सम्बन्धमा - कुलतमा नहिँड्न भनि प्रतिवादी तेन्जिङ तथा निजको समूहलाई हौसला र सुझाव दिने क्रममा उक्त भिडियो बनेको बताएका ।

**माया मगर भन्ने आयुषा मगरको मृत्यु सम्बन्धमा**

मिति २०८२/०८/०६ गते टोखा नगरपालिका वडा नं. ९ चक्रपथ रिङरोड सडक खण्ड छेउमा तन्नाले बेरेको अवस्थामा फेला परेको लासको सम्बन्धमा भएको अनुसन्धान ।

- मिति २०८२।०८।०६ गते अन्दाजी बिहानको ०८:०० बजेको समयमा सूचना प्राप्त भएको ।
- मृतकको शरीरमा बेरिएको तन्नाको आधारमा टोखा नगरपालिका ९ मिलनटोल नयाँ बसपार्क स्थित होटेल कुण्डलामा विगत ७ महिना देखि काम गर्दै आएका वर्ष २४ को सूर्य थापा मगरलाई मिति २०८२।०८।०७ गते नियन्त्रणमा लिइ अनुसन्धानको दायरामा ल्याईएको ।

- निज सूर्य थापा मगरले हत्या गरोको कुरा स्वीकार गरेको । सुर्य थापा मगरले होटल रोयल कुण्डलाबाट मिति २०८२।०७।२६ गते रातिको १:५२ मिनेटमा मृतकको लास तन्नामा बाँधेर सडक छेउमा फालेको ।
- मृतक र अभियुक्त बीचमा ५०० को लेनदेन, लागु औषध र मदिरा किन्ने विषयमा भएको विवाद पश्चात् सूर्य थापा मगरले जुत्ताको तुनाले मृतकको घाँटीमा बाँधेर भुईमा लडाई दुई मुक्का घाटीमा हानी कालो ठूलो फोहोर फाल्ने प्लास्टिकमा हाली दुईवटा तन्नाले बाँधेर रोडमा फालेको कुरा प्रारम्भिक अनुसन्धानबाट खुलेको ।
- मृतक सँगै उक्त होटलमा गएकी डोल्मा बोम्जनले मृतक माया मगर भन्ने **आयुषा मगर** भएको र निजको श्रीमान शक्ति बोहरा भएको कुरा खुलाएको ।
- मृतकको कान्छी आमा कल्पना शेर्पालीले पनि मृतकको सनाखत गरेको ।
- प्रतिवादी सूर्य थापा मगर उपर कर्तव्य ज्यान मुद्दामा काठमाडौं जिल्ला अदालतबाट दिन ७ (सात) को म्याद थप भइ अनुसन्धान प्रारम्भ ।

**विविध**

- ज्ञान बहादुर बम्जन (स्वर्ण लक्ष्मी सहकारी ठगी - पूर्पक्षको लागि कारागार चलान)
- Online Betting (१० जना पक्राउ - ९ जना भारतीय र १ नेपाली नागरिक रहेको) – उपत्यका अपराध अनुसन्धान कार्यालय द्वारा ।
    - करिब रु.२ करोड ५ लाखको कारोबार देखिएको
    - Stake.com र betbook.com जस्ता साइट प्रयोग ।

- **हालसम्म पुन:सम्भार, मर्मत, निर्माण कार्यमा भएका प्रहरी कार्यालयहरूमा समुदायको उल्लेख्य सहभागीता रहेको ।**
- **स्थानीय निकाय, नागरिकहरू लगायतले हालसम्म ४९ वटा दुई पाङ्ग्रे र २ वटा चार पाङ्ग्रे सवारी साधन खरिद गरी प्रहरी काम कारबाहीलाई सहज बनाउनका लागि उपलब्ध गराएको ।**
- **हालसम्म मर्मतसम्भार भएका ८७ वटा प्रहरी कार्यालयको लागि स्थानीय तह र नागरिकहरू द्वारा सहयोग प्राप्त भएको ।**
- **स्थानीय तह र सर्वसाधारणहरूमा सहयोगको लागि जिल्ला प्रहरी परिसर काठमाडौं हार्दिक कृतज्ञ छ ।**